सुनछहरी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

**पोवाङ रोल्पा**

**लुम्बिनी प्रदेश नेपाल**

## आ.व  २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम

**१२ औ गाउँसभाबाट स्वीकृत मितिः२०७९ असार १० गते**

# सुनछहरी गाउँपालिका
# पोबाङ, रोल्पाको
# आर्थिक वर्ष ०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम

**संवोधनः-**

आजको यस सुनछहरी गाउँपालिका बाह्रौ गाउँसभाका सभा अध्यक्ष तथा गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यु, विशिष्ट अतिथि ज्यु अन्य अतिथि गण ज्यु हरू, यस गाउँ सभाका सम्पुर्ण सदस्यहरु ज्यु, राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्युहरू, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरू, पत्रकार ज्यु लगायत उपस्थित सम्पुर्ण दाजुभाइ तथा दिदि वहिनीहरूमा हार्दिक अभिवादन, नमस्कार, जेदो ।

यस सुनछहरी गाउँपालिकाको गरिमामय बाह्रौ गाउँसभाको अवसरमा सर्वप्रथम यो मुलुकको परिवर्तन र समृद्धिको लागि आफ्नो अमुल्य जीवनको बलिदान गर्नुहुने नेपालका प्रथम शहिद क्याप्टेन लखन थापा मगर, वामपन्थी आन्दोलनका शहिद कामी बुढा, जनयुद्धका प्रथम शहिद दिल बहादुर रम्टेल लगायत परिवर्तनका लागि संचालित जनयुद्ध, ६२।६३ को जनआन्दोलन, मधेस आन्दोलन, आदावासी जनजाती आन्दोलन, थारु आन्दोलन लगायत परिवर्तनका लागि संचालित विभिन्न आन्दोलनका क्रममा शहिद हुनुहुने सम्पुर्ण ज्ञानअज्ञात वीर शहिदहरु प्रति भावपुर्ण श्रदाञ्जली अर्पण गर्दछु । परिवर्तनको आन्दोलनमा वेपत्ता हुनु भएका योद्धाहरुलाई विशेष स्मरण गर्न चाहान्छु, घाईते अपाङ्ग योद्धाहरुको उच्च सम्मान सहित स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहान्छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्थाको माध्यमबाट लोकतान्त्रका आधारभुत मूल्य मान्यताको सम्मान, मानव अधिकार संरक्षण र सुशासन कायम गर्नका लागि सुनछहरी गाउँपालिकाले लिएको **सुनौलो सुनछहरी, आत्मनिर्भर सुनछहरी**को सपनालाई आत्मासात गर्दै सुनछहरी गाउपालिकाको आर्थिक वर्ष ०७९।०८० को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्दै छु ।

## २.भुमिकाः-

नेपालमा संविधान जारी भएपछि दोस्रो पटक संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको गौरवमय सभा सम्पन्न हुदै छ । आवधिक रुपमा लोकतान्त्रिक संस्थाहरुको निर्वाचन सम्पन्न गर्ने कार्य चुनौती पूर्ण थियो । तर सफलता पूर्वक भयरहित बातावरणमा सम्पन्न भएको छ । यसको लागि सबै दल बुद्धिजिवी, नागरीक समाज, कर्मचारी सबैलाई धन्यवाद दिनै पर्दछ । जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तम्भको रुपमा रहने स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणलीको जगलाई अझ मजबुत बनाएको छ । नयाँ

जनादेश सहित निर्धारित समयमा नै स्थानीय तहको गठन भए संगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ । दुइ वर्ष देखि विश्वभर फैलिएको कोभिड १९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि हामीले स्थानिय स्तरबाट चालेका कदम समेतको परिणाम स्वरुप यसको असर सामान्य हुदै गएको छ । सबैको संयुक्त प्रयासबाट यस्ता महामारीका विरुद्ध लड्न र त्यसबाट सिर्जित प्रतिकूल अवस्थाको सामना गर्न सकिन्छ भन्ने दृढ विश्वास पैदा भएको छ । संक्रमण नियन्त्रणमा खट्ने स्वास्थ्य कर्मि, जनप्रतिनिधी, राजनैतिक दल युवा क्लव, राष्ट्रसेवक कर्मचारी पेशा ब्यवसाय कर्मि सबैलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

सदियौँ वर्षदेखिको एकात्मक र केन्द्रिकृत राज्य व्यवस्थाले सृजना गरेको असमानताको खाडललाई पुर्ने र पुर्ण रुपले समानता स्वतन्त्रता सह अस्तित्व र समान सहभागिताको प्रतिकका रुपमा स्थापित संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान २०७२ को मार्ग निर्देशनमा रहेर आज देशमा ७५३ वटा स्थानिय तह सरकारहरु संञ्चालन भईरहेको छन् । जनताको घरदैलोको सरकारका रुपमा स्थापित यो स्थानिय सरकार आफैमा एक महत्वपुर्ण उपलब्धी हो भने जनताले सबैभन्दा नजिकबाट चिन्ने र महशुस गर्ने, गराउने आफ्नै सरकार पनि हो ।

विश्वको झन्दै आधा दर्जन देशहरुमा अभ्यास गरिएको संघियताको मोडेल मध्य नेपालमा स्थापना गरिएको संघियताको मोडेल फरक छ । हाम्रो यो संघियता सहकारीतामा आधारित संघियता हो । विभिन्न कोणबाट संघियतामा जानुहुन्न यसले देश टुक्रिन्छ, सामाजिक सद्भाव खलबलिन्छ भनेर चर्को विरोध हुँदा हुँदै पनि हामी संघियतामा जानुको पछाडी एउटै आधार थियो कि हाम्रो संघियता सहकारीता समन्वय सहअस्तिवमा आधारित संघियता हो । संघ, प्रदेश र स्थानिय तहबिच सहकारिताको सम्बन्ध रहन्छ र देश विखण्डन होईन कि झन बलियो एकताका साथ अगाडी बढ्छ । अतः हामी पुर्ण रुपले स्वतन्त्र छौँ र जे पनि गर्न सक्छौँ भन्ने होईन । कैयौँ संघ र प्रदेशको मुल कानुनमा रहेर स्थानिय तहले आफ्नो स्वायत्त अधिकार प्रयोग गर्नुपर्दछ । त्यसैले हामी संघियताको यही मुल मर्म र सिद्धान्तका आधारमा आफ्नो निति तथा कार्यक्रम बनाउन आवश्यक हुन्छ ।

अघिल्लो पाँच बर्षको सरकारले गरेको तमाम जनपक्षिय कामहरुलाई महत्वपुर्ण पुँजिकारूपमा ग्रहण गर्दै निरन्तरता र क्रमागतमा रहेका योजनाहरु लाई पुरा गर्ने अठोटका साथ थप आवश्यकता र मागका आधारमा नयाँ योजना बनाई अगाडी बढ्ने हाम्रो आजको अहम कार्यभार बन्न गएको छ हामी **"सुनौलो सुनछहरी र आत्मनिर्भर सुनछहरी"** बनाउने उच्चो सपना बोकेर आएको हुनाले पनि समग्र सुनछहरीको विकासमा गम्भिर छौँ । तथापी उच्च आकांक्षा तथा असिमित माग र सिमित श्रोतको बीचबाट अगाडी बढ्नुपर्दा केही अन्तर विरोधी देखिनु स्वभाविकै हुन जान्छ । अतः प्राप्त सिमित स्रोतहरूको कुशलतापुर्वक परिचालन गरी यस सुनछहरी गाउँपालिका वासीहरूको आवश्यकता पुरा गर्नु अव हाम्रो दायित्व वनेको छ ।

दोस्रो स्थानिय तहवाट निर्वाचित हामी अहिले वजेट कार्यान्वयनको उत्तरार्द्दमा रहेको अवस्था भएकोले सुनछहरी गाउँपालिकाको विभिन्न क्षेत्रगत रूपमा आ.व. ०७९/८० मा चाहेर पनि हामिले दिर्घकालिन गुरु योजना ल्याउन संभव छैन। सम्बन्धित विषय विज्ञ सरोकारवाला र लक्षित समुदायको बीच हुने वृहत अन्तरक्रिया गोष्ठी मार्फत हामी आगामी आर्थिक वर्षबाट वृहत गूरु योजना बनाएर अगाडी बढ्ने जमर्को गरेका छौँ।

## ३.विगतको समिक्षाः-

२०७४ को स्थानिय निर्वाचन पश्चात सबै हिसाबले शुन्य संरचनामा गठित अघिल्लो स्थानिय सरकारले व्यवस्थापन गरेका जग्गा, भौतिक पुर्वाधार, यातायात विकास, कृषि र पर्यटन क्षेत्रको विकास फुलिवन झंकीमा गएको पहिरोबाट विस्थापित परिवारको पुनर्वास कोभिड-१९ लगायत को ठुला-ठुला विपत्तिको सरल व्यवस्थापन जस्तो महत्वपुर्ण कार्यको हाम्रो गाउँसभा सदा सर्वदा सम्मान व्यक्त गर्दछ। झन्दै ५६ वर्षसम्म ६ वटा गा.वि.स.को संरचनामा रहेर चलेको सामाजिक परिवेश सम्बन्ध र मनोविज्ञानलाई एक ठाउँमा केन्द्रिकृत गर्ने सामान्य विषय थिएन तरपनि पाँच वर्षको अवधिमा यिनै फरक-फरक मनोविज्ञानहरुलाई सरल ढंगले एकिकृत गर्न सक्नु विगत सरकारको एउटा महत्वपुर्ण उपलब्धी मान्न सकिन्छ।

यातायात भौतिक पुर्वाधार, कृषि वन पर्यटन सुशासन लगायतका पहिलो योजना तर्जुमा गर्नु र प्रारम्भिक कार्यान्वयन मार्फत आम जनतामा आशाको भोग जगाउन सक्नु पनि उपलब्धि नै हो तथापी पुर्वाधार निर्मायको क्षेत्रमा वढी  केन्द्रित हुनुपर्ने वाध्यताले गर्दा शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रको विस्तृत गूरु योजनाहरु सोचे जति बन्न नसक्नु स्वभाविकै छ। यहि २०७९ बैशाख ३० गते  सम्पन्न स्थानिय तह निर्वाचन मार्फत गठित दोस्रो गाउँसभाले विगतका बाँकी अभिवारा सहित दुरगामी योजना बनाई अगाडी बढ्न जरुरी छ। त्यही काम गर्ने छ।

भर्खरै सम्पन्न स्थानिय निर्वाचन र समय अभावका कारण आर्थिक वर्ष २०७९।०८० मा दिर्घकालिन गुरु योजना बनाउन असमर्थ रहेतापनि आगामी आर्थिक वर्षबाट विषय केन्द्रित अन्तर्क्रिया गोष्ठी द्वारा वृस्तृत बहुवर्षिय योजना बनाई **"सुनौलो सुनछहरी र आत्मनिर्भर सुनछहरी"** को हाम्रो साझा संकल्प पुरा गर्ने अभियान शुरु गर्ने अठोत लिईएको छ।

## ४. आर्थिक विकास

### क) कृषि सम्बन्धी नितिः-

- ❖ समय र परिस्थिति अनुसार हजारौ वर्षदेखि चलिआएको निर्वाहमुखी कृषि व्यवसायलाई बदलेर व्यवसायमुखी कृषि उत्पादनको निति अवलम्बन गरिनेछ।

❖ टुक्रे उत्पादन प्रणालीलाई बदलेर भुमी बैंकको निति लागु गरिनेछ। पहिलो वर्ष एक वडा एक कृषि समुह मार्फत व्यवसाय उत्पादनको काम गरिनेछ।

❖ आगामी पाँच वर्षमा कम्तिमा एक वडामा पाँच वटा सम्म कृषि समुह निर्माण गरिनेछ भने १० वर्ष पछाडी प्रत्येक टोललाई कृषि समुह मार्फत व्यवसायिक बनाईनेछ।

❖ किसानहरुकै सहमतिमा हरेक ठाउँको जग्गा जमिनलाई चक्ला बन्दि गर्ने निति लिएको छ कम्तिमा पनि २० रोपनि बराबरको जमिनलाई एक पलट मानिनेछ भने एक कृषि समुह बराबर कम्तिमा २ वटा पलट जमिन हुनुपर्नेछ। उक्त जमिन आफ्नै नहुन सक्छ जग्गा धनी अर्कै भएपनि जमिन लिजमा ल्याउन सकिनेछ एक प्लट बराबर एक पशुपालनको खोर अनिवार्य हुनुपर्नेछ यसरी पुर्ण अर्गानिक उत्पादनको निति अंगालिनेछ। अबको दिन देखी कसैले पनि बाँझो जमिन राख्न पाईनेछैन यदी जग्गा धनीले भोग चलन गर्न नसकेको खण्डमा व्यवसायिक समुहलाई लिजमा दिने निति हुनेछ यसरी पनि नभएको खण्डमा सम्पुर्ण बाँझो जमिनहरु गाउँपालिकाले आफ्नो मातहतमा लिनेछ र कृषि स्वयम सेवक मार्फत भोगचलन गर्नेछ। यसरी पनि संबन्धित जग्गा धनीले नमानेर जमिन बाँझो राखेमा थप कर तिर्ने निती बनाइने छ।

❖ निजि जमिनमा दुई खालको उत्पादन गर्न पाईनेछ खाद्यान्न बाली उत्पादन र वन तथा वन जन्य उत्पादन, यी सबै नितिगत वैद्यानिकताका लागि भुमि बैंक र कृषि समुह तथा कृषि स्वयम सेवकको परिचालन र संचालन सम्बन्धि छुट्टै कार्यविधि बनाई कानुन सम्मत ढंगले लागु गरिनेछ।

❖ कृषि उत्पादनलाई जोड दिनका लागि सिँचाई कुलोको आवश्यक ब्यवस्था गरिने छ।

❖ यसै आर्थिक वर्षभित्र एउटा कृषि एंबुलेन्स खरिद गरिनेछ र प्रत्येक वडाबाट हप्ताको एक पटक कृषि उत्पादनको खरिद गरि बजारसम्म पुर्याउने जिम्मा स्थानिय सरकारले लिनेछ। अबको उत्पादन गर्ने जिम्मा किसानको, बजारिकरणको जिम्मा स्थानिय सरकारको हुनेछ।

❖ किसान र स्थानिय सरकारको सहकार्य मार्फत कृषिमा आत्मनिर्भर बन्ने बनाउने अभियान चलाईनेछ। कृषि भन्नाले खाद्यान्न बालि मात्र नभई फलफुल,जडिबुटी,नर्सरी, पशु पंक्षीपालन आदि सबै क्षेत्रलाई बुझ्नुपर्नेछ।

**ख. उद्योग सम्बन्धी निति:-**

❖ हाम्रो आन्तरिक संभावनालाई मध्ये नजर गर्दै मसला उद्योग,जडिबुटी प्रशोधन उद्योग, विभिन्न तयारी खाजा/फुड्स उद्योग, स्लेट ढुंगा उद्योग आदिको संभाव्यता अध्ययन गरी आगामी पाँच वर्ष भित्र कम्तिमा एउटा सम्म उद्योग स्थापना गरिनेछ।

❖ उद्योगमा लगानी गर्न चाहेको खण्डमा विभिन्न व्यक्ति तथा कम्पनीलाई पनि उद्योग संचालन गर्न दिने निति लिईनेछ। तर स्थानिय जनताको ५० प्रतिशत शेयर लगानी र कम्तिमा स्थानिय सरकारको २० प्रतिशत शेयर लगानी अनिवार्य सुनिश्चित गरिनेछ।

- ❖ उद्योग सम्बन्धी छुट्टै कार्यविधि तयार गरि कार्यान्यनमा ल्याइने छ ।
- ❖ सुन, तामा, र फलाम जस्ता प्राकृतिक स्रोत साधनको संरक्षण, वैज्ञानिक उत्खनन, स्थानिय जनताको सहभागिता र संवृद्धिको लागि वृहत गुरुयोजना बनाउन संभाव्यता अध्ययन गर्नेगरी योजना बनाईएको छ ।

**ग. पर्यटन सम्बन्धी नितिः-**

- ❖ धार्मिक, प्राकृतिक, भाषिक र साँस्कृतिक पक्षलाई मुख्य केन्द्र विन्दु मान्दै यहाँको आन्तरिक तथा वाह्य पर्यटनका लागि पर्यटन नितिलाई महत्वपुर्ण स्थान दिईनेछ ।
- ❖ सुनछहरी झरना, फुलबारी लेक, लुङमा धुरी, गोङबाङ युद्ध स्थल, कोठिभिर, राबाङ लेक, टिलाचन दह, विबाङ दह, दमाङ डाँडा, माउ दह, पाउँ दह,  सिर्क्याङ भिर, रिपुकोट, बजुधुरी, टिन किल्ला, पुर्मसरी ढोका, जलजला, सुनसरी छहरा, लुङटुङ र शहिद गाउँ जेलबाङलाई हाम्रो मुख्य पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ । भने प्राकृतिक दृष्य, तालतलैया, झरना, छहरा, लोपुन्मुख वन्यजन्तु, चराचुरुङ्गी, हजारौ प्रजातिका लालिगुराँस, जडिबुटी, धार्मिक स्थल, युद्ध स्थल, रैथाने खामभाषा, संस्कार संस्कृती, भेषभुषा झाकी, वैद्धिक तन्त्रमन्त्रहरुलाई प्रमुख पर्यटकिय सुचकका रुपमा अंगालिनेछ ।
- ❖ अर्गानिक कृषि व्यवसायलाई पनि कृषि पर्यटन सुचकका रुपमा विकास गरिनेछ ।
- ❖ वन तथा वातावरणका लागि वृहत गुरुयोजना निर्माण र कार्यान्वयनका लागि एक अन्तरक्रिया गोष्ठि मार्फत दिर्घकालिन गूरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
- ❖ हाल संचालनमा रहेका होमस्टे(घरबास) हरुलाई व्यवसायिकतामा दक्षता बनाउदै आवश्यकताका आधारमा थप होमस्टे (घरवास) कार्यक्रम वनाई प्रभावकारी कार्यान्वन गरिने छ ।

**घ. बजारी करण सम्बन्धी नितीः-**

- ❖ सुनछहरी गाउँपालिकाको पोवाङ, राधुङ, फुलिवान, बाहिरीगाम, भुलुङछुङ,नार्गा छेडा, हाङडुङ, नयाँ बस्ती पन्ध्रपले, कामी डेरा, आदी ठाउँलाई स्थानिय बजारका रुपमा लिई बजार क्षेत्र विकास गरिनेछ ।
- ❖ यहाँको उत्पादित कृषि तथा अन्य वस्तुको बजारीकरणका लागि गाउँपालिकाले व्यवस्था गर्नेछ ।
- ❖ वस्तु खरिद तथा विक्री सम्बन्धी स्पष्ट कार्यविधी बनाई नियमित निर्यातको व्यवस्था गरिनेछ ।
- ❖ स्थानिय सरकारले टोकेको मुल्य भन्दा बजार मुल्य न्युन  भएको समयमा घाटा पुर्तिको व्यवस्था स्थानिय सरकारले गर्ने व्यवस्था सहितको निति लिईने छ ।

**ङ. कृषि अनुदान नितिः-**

- किसानहरु द्वारा उत्पादित वस्तुको बजारीकरण र व्यवसायीकरणको चेतना अभिवृद्धि र प्रतिष्पर्धात्मक प्रगतिका लागि उर्जा थप्ने उद्वेश्यले उत्कृष्ट उत्पादन गर्ने कृषकहरुलाई बोनस र निश्चित मापदण्ड बनाई आर्थिक अनुदानको व्यवस्था गरिनेछ ।
- गरिबलाई रोजगार, परिश्रमिलाई पुरस्कारको निति लिईएको छ ।
- कृषकको प्रत्येक उत्पादनको राष्ट्रिय कृषि रेटदर भन्दा कम मुल्यमा विक्री गर्नुपरेमा किसानलाई क्षतिपुर्ति दिने नीति लिईनेछ ।

## ५. पूर्वाधार विकास

**क. यातायात विकास निती:-**

- आर्थिक र सामाजिक समृद्धिको पहिलो आधारका रुपमा रहेको यातायात क्षेत्रको विकासलाई महत्वका साथ लिई सुलिचौर देखि पोवाङ थवाङ जोड्ने मोटरबाटो, सुलिचौर देखि हार्जङ गाम ढोरपाटन जोड्ने मोटरबाटो, सुलिचौर देखी फगाम जेलबाङ मिरुल जोड्ने मोटरबाटोलाई सुनछहरी गाउँपालिकाको लाईफलाईनका रुपमा लिई आगामी पाँच वर्षमा स्तर उन्नती ग्राईबेलका साथै कालोपत्रे गर्न शुरु गरिनेछ ।
- सालघारी हाम्जा ल्यावङ, चम्जा, राङसी, दम्फु, बागतारे सम्म गाउँपालिकाको कृषि पौच मार्गका रुपमा विकास गरीनेछ ।
- जेलवाङ लेडे मेला, कोर्जङ खोर्यागैरा, सिर्वाङ, वागतारे, गुल्पु, जुमिजा, जलजला धार्मिक तथा पर्यटन मार्ग, पोवाङ, मुघाधारा, घिच्छे, बासा, विवाङ पर्यटन मार्गलाई पनि महत्वपुर्ण मार्गका रुपमा विकास गरिनेछ ।
- पोवाङ जेलवाङ, पोवाङ फगाम, पोवाङ स्युरी, पोवाङ सेरम, घुस्वाङ पोवाङ, गाजाखोला भुलुङछुङ पोवाङ, बाहिरिगाम प्युठान, पोवाङ थनवाङ, मेजाखोरे ओपा, जुवाङ जैमा मावाङ, फगाम पन्चिबाङ खालु र यावाङ, उडालढुंगा लिचिङ, खगली दोखर्क आदी गाउँपालिकाका आन्तरिक पौच मार्गहरु आगामी पाँच वर्ष भित्र कम्तीमा नयाँ ट्रेकल जोड्ने गरी कार्यक्रम र बजेटको व्यवस्था गरिनेछ ।
- सुनछहरी गाउँपालिकाका प्रत्येक बस्तीलाई पाँच वर्षमा कच्ची सडक संञ्चालले जोड्ने र आगामी १० वर्षमा स्तर उन्नती सहित ग्राईबेल र कालो पत्रे गरी यातायातको कार्यभार पुरा गर्ने लक्ष्य लिईएको छ ।
- वन तथा पर्यटन सम्बन्धी वृहत अन्तरक्रिया गोष्ठी मार्फत दिर्घकालिन गुरुयोजना बनाई सुनछहरी गाउँपालिकामा गुरिल्ला पदमार्गको निर्माण गरिनेछ । यो गुरिल्ला पदमार्गलाई आन्तरिक तथा वाह्य पर्यटन प्रवर्धनका लागि महत्वपुर्ण पुर्वाधारका रुपमा लिईनेछ ।

**ख. झोलुङ्गे पुल सम्बन्धी निती:-**

सुनछहरी गाउँपालिका

- हाम्रो जस्तो भौगोलिक विकटताले भरिएको गाउँपालिका भएकोले झोलुङ्गे पुलको आवश्यकतता अति नै बढी देखिन्छ । यसर्थ एक गाउँ र अर्को गाउँको आवत जावतलई सहज बनाउन र पैदल यात्रीको छिटो छरितोका लागि हाल रहेको बाहेक कम्तिमा २० वटा थप झोलुङ्गे पुलहरुको निर्माण गर्न पहल गरिनेछ ।
- मुनधारा देखि स्युरी जोड्ने पुल, जैमाजा भिरदेखी सेरम जोड्ने पुल र दाम्फले देखि बामरी जोड्ने, भुलुङचुङ झोलुङ्गे पुल निकै लामो र अग्लो झोलुङ्गे पुललाई मुख्य प्राथमिकतामा राखिनेछ ।
- हाल संञ्चालनमा रहेका पुलहरुको संरक्षण र प्रयोग सम्बन्धि कार्यविधी बनाईनेछ भने अति जिर्ण पुलहरु लाई प्राविधिकको परिक्षण गराई हटाउने निति बनाईनेछ । साथ साथै झोलुङ्गे पुलहरुको नियमित संरक्षण तथा रेखदेखका लागि पुल हेरालुको व्यवस्था गरिने छ ।

**ग. मोटरेवल पुल सम्बन्धी निती:-**

- सुनछहरी गाउँपालिकाका विभिन्न खोलामा गरी १५ वटा मोटर पुल र ११ वटा वेलीब्रिजको आवश्यकतालाई परिपुर्ति गर्न क्रमश योजना बनाई अगाडी बढिनेछ र सोको डि.पि.आर.गर्ने कार्य तत्काल थालिनेछ ।

**घ. विद्युत सम्बन्धी निती:-**

- आर्थिक वर्ष ०७९/०८० मा प्रत्येक वस्तीमा विद्युतको पोल र मेन लाईनको तार तान्ने काम पुरा गरिनेछ । कम्तिमा ५० प्रतिशत घरधुरीमा बत्ति बालिनेछ भने आगामी दुई वर्ष भित्र सबै बस्तीमा विद्युतको पोल पुर्ण रुपमा पुर्याईनेछ । हाल संचालनमा रहेको चर्लाउने, पाते मिलु, घुस्वाङ, ग्वाहाखोला र राङरीको लघु जल विद्युतको संरक्षण र सदुपयोगलाई स्थानियकै मातहतमा व्यवस्थित बनाईनेछ भने हाल बन्द रहेको बाछयाङखोला लघुजलविद्युतको थप संभाव्यता अध्ययन गरी आवश्यक कदम चालिनेछ ।

**ङ. सुचना सञ्चार सम्बन्धी:-**

- हरेक नागरीक मानव अधिकारको हक, हरेक सुचनाबाट सुसुचित हुने हक, प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता जन्मसिद्ध प्रयोग गर्न पाउने अधिकारको सुनिश्चिताको लागि भरपुर पहल गरिने छ ।
- प्रत्येक योजनाको शुरुवाट र समापनमा सम्पुर्ण खर्च लाभान्वित समुदायको बीचमा सार्वजनिक गर्नुका साथै मिडियालाई सुचित गरी सार्वजनिक गरिनेछ ।
- वर्षमा २ पटक गाउँपालिकाको सम्पुर्ण प्रगति विवरण सार्वजनिक गरिनेछ ।
- सुचनाको क्षेत्रलाई प्रभावकारी बनाउन, गाउँपालिकाको सम्पूर्ण सुचना जनता सम्म पुर्याउन गाउँपालिकामा संञ्चारकर्मिको व्यवस्था गरिनेछ ।

सुनछहरी गाउँपालिका

- हाल संचालनमा रहेका टेलिफोन टावरहरुको क्षमता अभिवृद्धि गरिनेछ र २४ सै घण्टा फोन र ईन्टरनेछको सुविधा सुनिश्चित गर्न थप पहल गरिनेछ।
- आगामी पाँच वर्ष भित्र सम्पूर्ण सरकारी कार्यालय, शिक्षण संस्था, स्वास्थ्य संस्था लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था सम्म ईन्टरनेटको पहुँच पुर्याईनेछ र सबै अफिसियल कामहरु डिजिटल माध्यमबाट गर्ने सुविधा पुर्याईनेछ।
- फोन तथा नेटको टवरलाई चत्याङ र हावाहुरीबाट पटक पटक क्षति पुग्ने समस्याको निराकरणको लागि नयाँ उपाय खोजी गरिनेछ।

## ६. सामाजिक विकास

### क. शिक्षा सम्बन्धि नितिः-

- माध्यमिक तहसम्मको आधारभुत शिक्षालाई पुर्णत निशुल्क बनाई आम बालबालिकालाई अनिवार्य निशुल्क शिक्षाको व्यवस्था गर्न पहल गरिनेछ। यसका लागि सरकारी दरबन्दीको व्यवस्था गर्न विभिन्न कानुनी उपाय खोजि यथाशिग्र पहल गरिनेछ।
- विद्यालय कक्षा बढाउने काममा भईरहेको अस्वस्थ प्रतिस्पर्धालाई रोकेर हाम्रो आवश्यकता र क्षमता बिचको सन्तुलन हुने र गुणस्तर शिक्षा प्रदान गर्ने उपायको खोजी गरी सर्वशुलभ र गुणस्तर शिक्षाको ग्यारेन्टी गरिनेछ।
- आगामी दश वर्ष भित्र निजी शिक्षक शुन्य बनाउने लक्षका साथ शैक्षिक सुधारको योजना बनाईनेछ । सबै विद्यालयहरुलाई बालमैत्री, अपाङ्ग मैत्रि, छात्रा मैत्री र डिजिटल युक्त विद्यालय बनाउन वृहत शिक्षा गोष्ठी मार्फत वहुवर्षिय गुरुयोजना बनाई अगाडी बढिनेछ।
- कार्यसम्पादन मुल्याङ्कनको आधारमा उत्कृष्ट बिद्यालय, उत्कृष्ट शिक्षक र उत्कृष्ट बिद्यार्थीलाई प्रोत्साहत तथा सम्मानको निती बनाईने छ।
- जिर्ण रहेका बिद्यालय भवन पुन: निर्माण गरिनुका साथै आश्यक पर्ने ठाउँमा सुविधा सम्पन्न बिद्यालय भवन निर्माण गरिने छ।
- आगामी शैक्षिक शत्र ०८०/०८१ देखी स्थानिय पाठ्यपुस्तकका रुपमा मगर खाम भाषाको विषयलाई विद्यालय स्तरबाटै अध्यापन गर्ने कार्यको शुरुवाट गरिनेछ । यो भाषा शिक्षाबाट यहाँको पुर्खौली ईतिहाँस,भाषा, संस्कार, संस्कृतिको संरक्षण र विकास हुने अपेक्षा राखिएको छ।

### ख. स्वास्थ्य संबन्धी नितिः-

❖ प्रत्येक मानिसलाई आधारभुत स्वास्थ्यको पहुँचमा ल्याउनको लागि हाल संचालित स्वास्थ्य संस्थाका अलावा मौलावन, शुल्कवाङ, ऐशेलुखर्क, धर्मशाला, झेलुगुङ, फुलिवन, वर्गो, कोर्बाङ लगायतका ठाउँहरुमा आधारभुत स्वास्थ्य ईकाइ स्थापनाको पहल गरिनेछ।

❖ यहि आर्थिक वर्ष भित्र ग्रामिण आँखा केन्द्र पोवाङमा स्थापना गरिनेछ।

❖ यस क्षेत्रमा रहेका बिरामीलाई छिटो छरिटो यातायातको समस्या समाधानका लागि यसै वर्ष एउटा स्वास्थ्य एम्बुलेन्सको खरिद गरी संचालन गरिनेछ।

❖ आगामी पाँच वर्षभित्र कम्तिमा ३ वटा एम्बुलेन्स व्यवस्था गरि संचालन गरिनेछ भने एम्बुलेन्स प्राप्त भए पश्चात ७० वर्ष माथिका बुढाबुढी, सुत्केरी हुने महिला र प्राकृतिक विपत्तिमा परेर आकस्मिक घाईते बिरामीहरुलाई कम्तिमा सम्बन्धित स्वास्थ्य संस्था सम्म निशुल्क पुर्याउने लक्ष लिएको छ साथै विभिन्न खानपान,जडिबुटीको सेवन,भान्सा, शौचालय,घरआगन देखि सिंगो बस्ति सरसफाई अभियानलाई तिव्रता दिई रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिने प्राकृतिक स्वस्थताको अभियान चलाईनेछ।

❖ समय परिस्थिती अनुसार आरोग्य केन्द्रको स्थापनाको लागि संभाव्यताको अध्ययन गरिनेछ।

❖ **सुनौलो सुनछहरी, स्वस्थ सुनछहरी** बासी अभियान सफल पार्नको लागि नेपाल रेडक्रस सोसाईटी, बहुक्षेत्रिय पोषण, लगायत स्वस्थ र स्वच्छ वातावरण निर्माण क्षेत्रमा काम गर्ने संघ संस्थाहरु सँग आवश्यक सहकार्य गरिनेछ र स्वास्थ्य क्षेत्रको दिर्घकालिन लक्ष र उद्येश्य पुरा गर्नका लागि वृहत स्वास्थ्य गोष्ठी मार्फत बहु बर्षिय स्वास्थ्य रणनिती बनाई कार्यान्वयन गरिने छ।

**ग. युवा तथा खेलकुद सम्बन्धी निती:-**

❖ बेरोजगार युवाहरुलाई विभिन्न सिपमुलक तालिम मार्फत दक्ष र स्वरोजगार बनाईनेछ युवाहरुको ठुलो शक्तिलाई कृषि स्वयम सेवकका रुपमा संगठित परिचालन गरि उत्पादनको क्षेत्रमा रोजगार सृजना गरिदिने र युवा शक्तिलाई आधुनिक र व्यवसायिक कृषि पेशामा सहभागी गराई बद्ढो वैदेशिक पलायनतालाई रोक्ने स्पष्ट कार्याविधि बनाई आगामी पाँच वर्ष भित्र कम्तिमा ५०० युवाहरुलाई आत्म निर्भर स्वरोजगार बनाईनेछ।

❖ विभिन्न खेलकुद साहित्य कला मनोरञ्जनका माध्यमबाट युवा शक्तिको अथाह क्षमता जोश र श्रमलाई सामाजिक रुपान्तरण, सुशासन र समृद्धिको अभियानमा लगाउने युवा लक्षित विभिन्न कार्यक्रम बनाईनेछ।

❖ लागु औषध सेवन, धुम्रपान, मदिरापान जस्ता कुलतबाट मुक्त गर्न सचेतना कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिने छ।

**घ. लैङ्गिक समानता सम्बन्धी नीति:-**

सुनछहरी गाउँपालिका

- ७० वर्षदेखि माथिका बिरामी वृद्ध वृद्धा, सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ साथै द्वन्दमा परेर, प्राकृतिक विपत्ति तथा दुर्घटनामा परेर वा जन्मजात अपाङ्ग व्यक्तिहरुको डाटा संकलन गरी उनीहरुको रोजी रोटी तथा रोजगार उपचार र पुनर्वास लगायतको आधारभुत आवश्यकता परिपुर्ति गर्ने निती तय गरिने छ।
- विपन्न महिला एकल महिला र दलित महिलाहरुको लागि विभिन्न स्वरोजगार उन्मुख सिपमुलक तालिमहरुको व्यवस्था गरिनेछ। अशक्त पुर्णअपाङ्ग र हिँड्न नसक्ने वृद्ध वृद्धाहरुको सामान्य उपचारका लागि घरमै सेवा दिने व्यवस्था गरिनेछ।

**ङ. घाईते अपाङ्ग तथा द्वन्द पिडित परिवार सम्बन्धिः-**

- दश वर्षिय जनयुद्धमा शहिद भएका शहिदका परिवार तथा द्वन्दको क्रममा राज्य र विद्रोह पक्ष दुवै तर्फबाट भएका मृतकका परिवारहरुको लगत संकलन गरी उनिहरुको आधारभुत समस्या समाधानका लागि आवश्यक निति तय गरिनेछ।
- बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्नकालागि संघिय सरकार सँग आवश्यक पहल गरिनेछ।
- घाईते तथा अपाङ्ग योद्धाहरुको स्वास्थ्य उपचार र स्वरोजगारका विषयमा छुट्टै कार्यविधी बनाई अगाडी बढिनेछ।
- बलात्कृत महिलाहरुको लगत संकलन गरिनेछ र विस्थापितहरुको पुनस्थापनाका लागि उनीहरुकै इच्छा अनुसार अन्तिम पटकका लागि पुनस्थापना कार्य अगाडी बढाईनेछ।

**च. बहुक्षेत्रिय पोषण सम्बन्धी नीतिः-**

- बहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी बनाई स्वस्थ जनशक्ति निर्माणमा विशेष ध्यान दिईनेछ।
- स्वास्थ्य, पोषण, खानेपानी, कृषि लगायत क्षेत्रमा क्रियाशिल संघ संस्था तथा स्थानिय सरकार आफ्नै पहल र संघ, प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्यका माध्यमबाट बहुक्षेत्रिय पोषण कार्यक्रम र यसको लक्ष्य पुरा गर्न छुट्टै गुरु योजना बनाईनेछ।

## ७. वन वातावरण तथा विपद् व्यवस्थापन

**क. वन वातावरण तथा भु सरक्षण सम्वन्धी नीति :**

- जमिन, जल र जंगल मानव जातिका लागि अमुल्य र अनिवार्य वस्तु हो भन्ने मान्यतालाई आत्मसाथ गर्ने वन र वन जन्य पदार्थको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।
- प्रत्यक क्षेत्रको वनलाई सम्वन्धीत स्थानिय समुदायकै संरक्षण रहने गरी उनीहरुलाई अभिमुखिकरण गरिनेछ।

- ❖ व्यक्तिकै स्वामित्वमा रहेको जग्गामा पनि सकेसम्म वन जन्य उत्पादन जस्तै ओखर, स्याउ, हाडे बडाम, तिमुर, सिलतिमुर, अलैचि, उत्तिस आदि रुख विरुवा तथा दाले घाँसहरु रोपेर जलवायु परिवर्तनको न्युनिकरणका लागि अभियान चलाईनेछ ।
- ❖ विभिन्न ठाउँमा रिचार्ज पोखरीहरुको निर्माण गरी मुहानहरुको संरक्षण गरिनेछ ।
- ❖ वन डढेलो र अनावश्यक वन फडानीलाई पुर्ण रुपमा निषेध गरी त्यस्तो कार्य गर्नेलाई वन ऐन अनुसार सजाई गरिनेछ ।
- ❖ प्रत्येक नाङ्गो डाँडा पाखामा घाँसे विरुवा रोपि हरियाली सुनछहरी बनाई त्यसको संरक्षण गर्ने निति बनाइने छ ।
- ❖ विकास सँगै बद्ढो प्रदुषणलाई कम गरी स्वस्थ वातावरण निर्माणका लागि हरेक बाटोहरुलाई हरियाली बनाईनेछ । यसका लागि निर्माण सम्पन्न भईसकेका सबै बाटोको छेउछेउमा वृक्षारोपण गरिनेछ ।
- ❖ बाढी पहिरो नियन्त्रणका लागि जोखिम युक्त ठाउँहरु( बिषेश गरी फगामको पहिरो, कसलाको पहिरो र फुलिवनको पहिरो) मा वृक्षारोपण र चरिचरण पूर्णरुपमा बन्द गर्ने निती बनाइने छ ।

**ख. वातावरण संरक्षण तथा सरसफाईः-**

- ❖ सुनछहरी गाउँपालिकालाई प्लाष्टिक रहित गाउँपालिका बनाउन प्लाष्टिक जन्य कुनैपनि बस्तु डस्टविन वा टोकिएको ठाउँ बाहेक फाल्न नपाईने र बजारक्षेत्र र गाउँ दुवै ठाउँमा विभिन्न माध्यमबाट उत्पादन हुने सिसा तथा बोटलहरु कुनै पनि व्यक्तिले जथाभावी फाल्न नपाइने निती बनाइने छ ।
- ❖ जिर्ण संरचनाहरुबाट उत्पादन हुने किला काँटी, तार जाली, कर्कटपाता जस्ता फलाम जन्य वस्तुहरु कुनै पनि खोला नदि वा अनाधिकृत ठाउँमा फाल्न पाइने छैन । यसको व्यवस्थापनको लागि प्रत्यके वडाले १/१ स्थानमा कवाड सेन्टर स्थापना गर्ने र उक्त कवाड खरिद विक्री गर्ने निति बनाउनेछ । यसका लागि कवाड खरिद विक्रीको छुट्टै कार्यविधी निर्माण गरिनेछ ।

**ग. गरिबी निवारण संस्था सम्बन्धीः-**

- ❖ लामो समय देखी गाउँ गाउँमा संचालित गरिबी निवारण संस्थालाई सहकारी संस्थामा बदल्ने र हाल सम्म लाभान्वित वर्गलाई नै उक्त सहकारीको शेयरदाता बनाउने गरी छिट्टै कार्यविधी बनाई नियमन गरिनेछ ।

## ८. सुशासन तथा संस्थागत विकास

**क. अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी निती:-**

- ❖ हरेक काममा अनुगमनको पक्षलाई मुख्य प्राथमिकता दिईनेछ अनुगमन नामको रुपमा मात्र हुन सक्ने खतरालाई मध्य नजर गर्दै अनुगमनका प्रचलित मापदण्ड भित्र रहेर औपचारिक र अनौपचारिक दुवैखाले अनुगमन गरिनेछ ।

**ख. राजस्व परिचालन सम्बन्धी निती:-**

- ❖ आन्तरिक श्रोत बृद्धिका लागि राजस्व संकलन कार्यालाई प्रभावकारी बनाउनुका साथै राजस्वको ब्यापक दायराको क्षेत्र बढाउन पहल गरिने छ ।
- ❖ मैले तिरेको कर मैरै सुनछहरी समृद्धिको लागि हो भन्ने भावना जागृत गर्नका लागि करदाता शिक्षा संचालन गरिने छ ।
- ❖ राजस्व संकलनका लागि आवश्यक जनशक्तिको ब्यवस्था गरि करदातालाई सहज कर तिर्ने बातावरणको ब्यवस्था गरिने छ ।
- ❖ करदाताहरूको लागि कर प्रोत्साहन कार्यक्रम लागु गरिने छ ।
- ❖ विभिन्न आन्तरिक श्रोतहरुको पहिचान र परिचालनको माध्ययबाट राजस्व वृद्धि गरिने छ ।

**ग. सरकारी कामकाजको भाषाः-**

- ❖ सुनछहरी गाउँपालिकाको सरकारी कामकाजको भाषाका रुपमा मगर खाम भाषालाई प्रयोगमा ल्याउन आवश्यक कानुनी प्रक्रिया मिलाएर यथाशिघ्र प्रयोगमा ल्याईनेछ ।
- ❖ अबको हरेक सुचना तथा प्रकाशन नेपाली भाषा, खाम भाषा दुवैबाट प्रकाशन हुने व्यवस्था गरिनेछ ।

**ग. समन्वय सहकार्य सम्बन्धी निती:-**

- ❖ सुनछहरी गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि संघ प्रदेश विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था लगायत राष्ट्रिय एकता, स्वाधिनता, स्वतन्त्रता र राष्ट्रिय अखण्डतामा आँच नआउने गरी सम्पुर्ण रुपले अनुदान र ऋणका लागि समन्वयात्मक सम्बन्ध  कायम गरिनेछ । ताकि हाम्रो जस्तो भौगोलिक विकटता र गरिबीको रेखामुनि रहेको स्थानिय तहलाई थोरै भए पनि राहात मिल्ने वातावरण सृजना गरिने छ ।

## ९. न्याय सम्पादन सम्बन्धी निती:-

- ❖ स्थानिय सरकारको क्षेत्राधिकार  भित्र रहि न्याय समितिको अगुवाईमा न्याय सम्पादनको कामलाई छिटोछरितो फच्र्योट गरिनेछ ।

- ❖ गाउँको लाश गाउँले नै फाल्छ, गाउँको कुरा गाउँले नै मिलाउँछ भन्ने पौराणिक मान्यतालाई आत्मसाथ गर्दै सकेसम्म हरेक मुद्धा मामिलालाई सम्बन्धित पक्षहरुको बीचमा नै आपसी सहमतिको आधारमा मिलाई सामाजिक एकता र मेलमिलापको आधार तयार गर्न जोड दिईनेछ ।
- ❖ जबरजस्ती करणी, बालविवाह, बहुविवाह, अवैध धन्दा, चोरी पैठारी, ज्यानमार्ने उद्योग जस्ता अपराध न्युनिकरण र नियन्त्रण गर्नका लागि न्याय समितिले व्यापक सचेतना कार्यक्रम अगाडी बढाउने छ ।
- ❖ *हामी असल साथी, कानुन भन्दा कोही छैनौ माथी* भन्ने मान्यतालाई आत्मसाथ गर्दै शान्ति, समृद्धि र सुशासनको प्रत्याभुति दिईनेछ ।
- ❖ कुनै पनि गुनासो र उजुरीहरु उपर छलफल र सुनुवाईका लागि व्यवस्थित इजलासको व्यवस्था गरिनेछ ।
- ❖ आवश्यक पर्दा कानुनी परामर्श दाताको समेत सहयोग लिई न्याय सम्पादन गरिनेछ ।
- ❖ प्रत्येक वडाहरूमा तालिम प्राप्त मेलमिलापकर्ता  सुचिकृत गरी नजिकको वडावाटनै मेलमिलापको माध्यमवाट न्याय सम्पादन गर्ने नीति लिइने छ ।

## १०. चुनौतीहरु

हाम्रा अगाडी थुप्रै चुनौतिका चाङहरु छन् । ति चुनौतिलाई संभावनामा बदल्नु नै हाम्रो लागि एउटा चुनौति हो । हाम्रो आत्मागत अबस्था, यहाँका जनताको अबस्था र बाह्यि अबस्था सबैलाई केन्द्रित गरि समन्वयात्मक ढंगले कार्यसम्पादन गर्नु पनि एउटा चुनौति हो । किन भने विगतका ६ वटा गा बि स २ वटा इलाका अहिले ७ वटा वडामा विभाजन हुदा ति सबैका मनोबिज्ञालाई पनि ख्याल गर्नु पर्ने छ । भौगोलिक विकटता अर्को हाम्रो चुनौतिको रुपमा खडा भएको छ । कमजोर भुगोलका कारण बाढिपहिरो अत्याधिक जानुले गाउँ बस्ती तहस नहस हुदा ठुलो धनरासीको क्षति भएको छ । साथै भौगोलिक विकटताका कारण विकास निर्माणका कयौ कामप्रभावित भएका छन् । ढुवानीमा समस्या, बाटो नियमित नभईदिनु, पहिरोको उच्च जोखिम हुनु यसले जनताको जिवन शैलिमा पनि प्रत्यक्ष असर परिरहेको छ । बस्तीहरु टाढा टाढा छरीएकाले पनि बिकासको गतिलाई तिव्रता दिने अर्को चुनौति छ । जनसंख्या वृद्धि संगै अत्याधिक बन फडानी हुदा वनजंगल नासिदै जाने, वातावरणिय सौदर्यता कम, पहिरोको जोखिम वढी, पानीका मुहान सुक्दै जाने समस्या देखिन थालेका छन् ।

अब्यवस्थीत पशुपालका कारण बनजंगल नासिनुका साथै वन खुकुलो हुदै जानु र अन्तमा ठुलठुला पहिरो जानु । अब्यवस्थीत खेति प्रणाली हुदा त्यसलाई आधुनिक र ब्यवसायिक बनाउनु हाम्रो अगाडी चुनौतिको रुपमा उभिएको छ । विवाह, मृत्यूमा सस्कारमा हुने अनाआवश्यक फजुल खर्चलाई नियन्त्रण गर्नु पनि चुनौति हाम्रो लागि चुनौती बनेको छ ।

## ११. अवसरहरु

हरेक क्षेत्रमा चुनौती संगै अवसर पनि जोडिएको हुन्छ । हरेक वर्ग, क्षेत्र, जाती र लिङ्गको समवेशितालाई अझ प्रभावकारी बनाउनदै अवका हाम्रा रणनैतिक योजनाहरु निर्माण गर्नु आजको आवश्यक्ता हो भन्ने हामिले ठानेका छौ । समाजमा हुने विभिन्न खाले विकृति र विसंगति, अन्धविश्वास, जातियछुवाछुत रुढीवादी, खर्चालु सस्कृतिको नियमन ब्यवस्थापन र अन्त्य गर्न सक्यो भने सुन्दर सुनछहरी निर्माण गर्ने सुनौलो अवसर हामि संग छ । हाम्रो कठिन भौगोलिक विकटता भए पनि अवसरका ढोकाहरु पनि खुलिरहेका छन् । कच्चि सडक भएपनि अधिकांस बाटोहरु १२ महिना संचालन भइरहदा त्यसबाट पनि केहि अवसरका खोजिहरु पक्कै गरिने छ । यसको संरक्षण र दिगो पना आजको आवश्यक्ता हो भन्ने थानेका छौ । संचार, बिद्युतीकरण, कृषिलाई आधुनिकिकरण र ब्यवसयिक बनाउने पनि अवको गर्ने मुख्य अवसर र अभिभारा हुने छ । हामिले पारित गरेका निति तथा कार्यक्रमलाई ब्यवस्थीत र प्रभावकारी बनाउदै लगेमा हाम्रा अवसरका कयौ ढोकाहरु खुल्ने छन् ।

**अन्तमाः-**

एउटा ऐतिहाँसिक परिवर्तन पश्चात आएको संघियता सँग जनताका असिमित माग र भरोसा तथा हाम्रा आवश्यकता  र हामीसँग उपलब्ध साधन श्रोतको न्युन उपलब्धताका बीचको ठुलो अन्तर विरोधका कारण भरखरै जनताका सबै मागहरु संवोधन गर्न सक्ने अवस्थामा हामी छैनौं । तथापी यहाँको यातायात, भौतिक पुर्वाधार, कृषि, पर्यटन, सुशासन र समृद्धिको लागि हामी क्रमिक रुपले अगाडी बढ्ने र अर्को वर्ष केही महत्वपुर्ण विषयहरु जस्तैःशिक्षा, स्वास्थ्य, कृषि सहकारी, वन पर्यटन जस्ता विषयमा वृहत अन्तरक्रिया  मार्फत दिर्घकालिन योजना बनाई अगाडी बढ्ने संकल्प गरेका छौँ । हामी कसैको अन्ध नक्कल गरेर होईन हामी हाम्रै परिवेश हाम्रै धरातल र हाम्रै श्रोत साधनमा भर परेर **सुनौलो सुनछहरी आत्मनिर्भर सुनछहरी** बनाउन अविचलित लागि पर्नेछौँ । जनता जनप्रतिनिधि र राष्ट्र सेवक कर्मचारी सबैको सहकार्य र सहमति बाट अगाडी बढे परिवर्तन र विकास संभव हाम्रै पालामा हुने छ । निति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पर्याउनुहुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, गाउँपालिकाका प्रवक्ता, सम्पूर्ण विषयगत समितिका पदाधिकारी, राजनीतिक दलका प्रमुख प्रतिनिधी ज्यू, बुद्धिजीवि, समाज सेवी, शिक्षक, अहोरात्र खट्ने सम्पूर्ण राष्ट्र सेवक कर्मचारी ज्यूहरु लगाएत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नीति तथा कार्यक्रम अनुरुप यस गाउँपालिकालाई सुनौलो सुनछहरी बनाउन सबैको साथ सहयोग र सहकार्यको आशा र विश्वासको पूर्ण अपेक्षा राख्दछु ।

धन्यवाद ॥

मिति २०७९।०३।१०

धन बहादुर पुनमगर
अध्यक्ष
सुनछहरी गाउँपालिका

सुनछहरी गाउँपालिका